# कृषि ज्ञान केन्द्र, ओखलढुंगाको

# मासिक कृषि बुलेटिन

"कृषि मुलश्य जीवनम"

वर्ष १ अङ्क ५ पौष महिना-२०७७/०७८

**यस भित्र**

## Contents

१.कृषि व्यवसाय प्रबर्धन अनुदान कार्यक्रमहरुको संचालित अवस्था
२.ब्लक विकास कार्यक्रम
३.कृषि यान्त्रिकरणको सूचना प्रकाशन
४.सेवाग्राही सन्तुष्टि फारम र जिल्ला प्रोफाइल तयार गर्ने काम सम्पन्न
५.आलुको डढुवा रोग र ब्यवास्थपनका उपायहरु

**प्रकाशक**
प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कर्यक्षत्र: ओखलढुङ्गा
टोल फ्रि नं. १६६००३७५२०००
फोन नं. ०३७-५२०१३०
ईमेल ठेगाना: akcokhaldhunga@gmail.com

## १. कृषि व्यवसाय प्रबर्धन अनुदान कार्यक्रमहरुको संचालित अवस्था

आ.ब. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार गत आ.ब. २०७६/०७७ को कार्यक्रममा छनौट भई विश्व भरि फैलिएको कोरोना भाईरसका कारण संचालन हुन नसकेका कार्यक्रम निरन्तरता पाएर सम्झौता गरिएका कार्यक्रमहरुमा कागती मिसन कार्यक्रम संचालन गरेका मानेभन्ज्यांग गाउँपालिका वडा नम्बर १ का ए.एम.टि. कृषि तथा पशुपन्छी फर्म, सिद्धिचरण नगरपालिका वडा नम्बर ७ का जलेश्वरी कृषक समूह, सिद्धिचरण नगरपालिका वडा नम्बर ३ का अर्गानिक फलफुल तथा तरकारी प्रसोधन उद्योग, सिद्धिचरण नगरपालिका वडा नम्बर ९ का मनिला अर्गानिक कृषि फर्म, चिशंखुगढी गा.पा. १ का टिका बहादुर मगर, चिशंखुगढी ३ का तेजेन्द्र नारायण श्रेष्ठ र मोलुंग गा.पा. मा संचालन भईरहेको सघन बाली विकास कार्यक्रम तेस्रो बर्षको कार्य सम्पन्न भएको छ । यस महिना कार्य सम्पन्न गरी भुक्तानी लिने कृषकको संख्या ४ रहेको छ। अन्य सम्झौता गरेका कृषकहरुले कार्य गरिरहेका छन ।

**पौष महिनामा भुक्तानी भएका कृषकहरुको विवरण**

| क्र.सं. | अनुदानग्राही संस्था (उद्यमी कृषक/समूह/सहकारी आदि) को नाम | ठेगाना | कुल सम्झौता रकम (रु) | | | कार्यालयबाट भुक्तानी भएको जम्मा रु |
|---|---|---|---|---|---|---|
| | | | कार्यालयबाट अनुदान रकम रु | अनुदानग्रहिले व्यहोर्ने रकम रु | जम्मा रु | |
| १ | मनिला अर्गानिक कृषि फर्म | सिद्धिचरण न.पा.-९ | १००००० | ३२७०० | १३२७०० | ९९९६२ |
| २ | जलेश्वरी कृषक समुह | सिद्धिचरण न.पा.-७ | २२५००० | ७६१५१ | ३०११५१ | २२४३१७ |
| ३ | A.M.T कृषि तथा पशुपन्छी फर्म | मानेभन्ज्यांग गा.पा.-१ | २५०००० | ६११५० | ३११५१० | २४०९९० |
| ४ | टिका बहादुर मगर | चिशंखुगढी गा.पा.-१ | १००००० | ३३३२५ | १३३३०० | ९८१३७ |
| ५ | तेजेन्द्र नारायण श्रेष्ठ | चिशंखुगढी गा.पा.-३ | १००००० | ३३३२५ | १३३३०० | ९९५१६ |
| ६ | सघन बाली विकास समिति | मोलुंग गा.पा.-३४५ | ५००००० | २१६००० | ७१६००० | ३८१०५ |
| ७ | सघन बाली विकास समिति | मोलुंग गा.पा.-३४६ | | | | १०७२९५ |

## २.ब्लक विकास कार्यक्रम

जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको बैठकबाट भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय स्वीकृतिको लागि सिफारिस गरिएको ५ वटा ब्लक कार्यक्रम स्वीकृत भई आएको र उक्त ब्लक कार्यक्रमहरुको समन्वय समिति गठन गरि कार्य प्रकृया अगाडी बढाइएको छ । बाँकी ३ वटा ब्लक कार्यक्रमको लागि पुन मिति २०७७/०९/०९ गते तेस्रो पटक १५ दिने सूचना प्रकाशन हुँदा १ वटा मात्र प्रस्ताब आएको छ । उक्त कार्यक्रमको स्थलगत फिल्ड अनुगमन चरणमा रहेको छ ।

**छनोट भएका आबेदको विवरण**

| क्र.स. | ब्लक कार्यक्रमको नाम | ठेगाना | बाली |
|---|---|---|---|
| १ | आलु ब्लक विकास कार्यक्रम | सुनकोशी-५ र ९ का क्षेत्रहरु | आलु |
| २ | आलु ब्लक विकास कार्यक्रम | चम्पादेबी-१ पुनटार | आलु |
| ३ | प्लाष्टिक घरमा तरकारी ब्लक विकास कार्यक्रम | मोलुंग-५ प्राप्चा | प्लास्टिक घरमा तरकारी खेति |
| ४ | आँप ब्लक विकास कार्यक्रम | सुनकोशी-१ र २ का क्षेत्रहरु | आँप |
| ५ | मकै ब्लक विकास कार्यक्रम | चिशंखुगढ़ी-६ भदौरे | मकै |

## ३.कृषि यान्त्रिकरणको सूचना प्रकाशन

कृषि यान्त्रिकरणका लागि औजार उपकरण प्रबर्धन कार्यक्रमसंचालनका लागि आपुतिकर्ताहरुको लागि शिलबन्दी प्रस्ताब आह्वानको सूचना २०७७/०९/२८ गते प्रकाशन गर्ने कार्य गरियो ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, ओखलढुंगा

प्रदेश नं. १
कार्यक्षेत्र :- ओखलढुंगा

**कृषि यान्त्रिकरण अनुदानको लागि आपूर्तिकर्ताबाट शिलवन्दी प्रस्ताव आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७७/०९/२८ गते )

कृषि ज्ञान केन्द्र ओखलढुंगाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम कार्यान्वयनका लागि योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपूर्तिकर्ता, वितरकहरुबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फारम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात मिति २०७७/१०/१९ गते दिनको दिउसो ठिक ५:०० बजेभित्र यस कार्यालयमा शिलवन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ।

यो सूचना प्रकाशन भएको मितिले सातौं दिन अर्थात २०७७/१०/०५ गते दिनको १:०० बजे Pre-Proposal Clarification Meeting हुनेछ। यस कार्यालयमा दर्ता भएका शिलवन्दी प्रस्तावहरु २२ औं दिन अर्थात २०७७/१०/२० गते दिनको ठिक ११ बजे खोलिने छ।

यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको फोन नं ०३७-५२०१३० वा टोल फ्री नं. १६६००३७५२००० मा सम्पर्क गर्नु हुन तथा उल्लेखित दरखास्त फारम कृषि ज्ञान केन्द्र ओखलढुंगा कार्यालयबाट प्राप्त गर्न सक्नु हुने छ ।

हेम बहादुर आले मगर
निमित्त कार्यालय प्रमुख

फोन नं./फ्याक्स नं: ०३७५२०१३०

e-mail: akcokhaldhunga@gmail.com


Scanned with CamScanner

## ४.सेवाग्राही सन्तुष्टि फारम र जिल्ला प्रोफाइल तयार गर्ने काम सम्पन्न


शुशासन कार्य योजना अनुसार सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा विश्लेषण गरि प्रतिबेदन तयार गर्ने कार्य सम्पन्न गरिएको छ साथै मुख्य मुख्य विवरणहरु समेटेर जिल्लाको कृषि प्रोफाइल तयार पारिएको र प्रोफाइल छपाई कार्य बाँकी रहेको छ ।

**सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिबेदन**


१) कुन सेवा लिनको लागि आउनु भएको थियो ?





२) तपाईले खोजेको सेवा पाउनु भयो त ?





३) सेवा लिन कति समय लाग्यो ?




४) सेवा लिनको लागि आवश्यक कागजातहरु पेश गर्नु भएको थियो ?




५) सेवा नपाएको भए किन पाउनु भएन ?





६) सेवा लिनको लागि चाहिने निवेदन कसरी लेख्नु भयो ?




७) तपाईले सेवा लिने क्रममा दस्तुर बुझाएको भए सोको रसिद प्राप्त गर्नु भयो ?

- दस्तुर बुझाउन नपरेको ।

८) सेवा प्राप्त गर्न आवश्यक कागजातहरु तथा प्रकृयाको बारेमा कसरी जानकारी पाउनु भयो ?





९) तपाईले यस कार्यालयमा के के सुविधा उपभोग गर्नु भयो ?



१०) यस कार्यालयमा उपभोग गरेका सुविधाहरुका अतिरिक्त अन्य कुनै सुविधा अपेक्षा गर्नु भएको छ ? छ भने कस्तो सुविधा कृपया खुलाई दिनुहोस् ?

- थप सुबिधाको अपेक्षा नरहेको ।


११) सेवा लिने क्रममा कार्यालयमा आईसकेपछि केहि दुःख/हैरानी पाउनु भयो की ?





१२) दुःख हैरानी पाएको भए के कस्तो दुःख पाउनु भयो ?

- सबै सेवाग्राहीले दुख हैरानी नपाएको बताउनु भयो ।


१३) तपाई प्रति कर्मचारीहरुले कस्तो व्यवहार गर्नु भयो ?




१४) सेवा लिनको लागि तोकिएको प्रकृया कस्तो लाग्यो ?




१५) तपाईले यस कार्यालयबाट लिइएको सेवाको समय तथा गुणस्तर कस्तो लाग्यो ?




१६) यस कार्यालयबाट प्रदान गरिने सेवा प्रति तपाईको सन्तुष्टीको स्तर कस्तो रहयो ?




१७)यस कार्यालयबाट प्रवाह गरिने सेवाको सुधारका लागि केहि सुझाब छ भने उल्लेख गरि दिनुहोस् ?

- थप सुझाब नआएको ।

## ५.आलुको डढुवा रोग र ब्यवास्थपनका उपायहरु

### १.अगौटे डढुवा रोग (Early blight) :

यो रोग ***Alternaria solani*** नामक एक ढुसिले लाग्ने गर्दछ । रातिको औसत तापक्रम १५° सेल्सियस भन्दा कम हुनु, सायेक्षिक आद्रता बढी हुनु, र जमिन लगायत बिरुवामा ओश पर्नु आदि यो ढुसी अंकुरणका लागि अनुकुल वातावरण मानिन्छन् । यो ढुसी माटो अर्थात बिरुवाकै अबसेसहरुमा निष्क्रिय रहेको पाइन्छ र अनुकुल वातावरण पाउनासाथ अंकुरण हुन्छ र त्यसपछी कुनै माध्यमद्वारा बिरुवाको सतहसम्म पुगि फैलेने गर्दछ । सर्बप्रथम यसले बिरुवाको तल तिरको पातहरुमा आक्रमण गरेर बृताकार अर्थात कोणिय खैरो रङका माथी तस्बिरमा देखाएजस्तै घाउहरु बन्ने गर्दछन । समय संगै गाढा रङका खैरा र बृताकार घाउहरुले केन्द्रतिरका कोषहरुलाइ मार्दै जान्छ र रोग पनि फैलदै जान्छ । ढिलो चरणमा जादा यो रोग माथिका सबै पातहरुमा समेत फैलिन्छ । क्रमसंगै रोग लागेको पातको माथिल्लो सतहमा निलो अर्थात हरियो रङका ढुसीहर देखा पर्दछन । यो रोग चरम बिन्दुमा पुगेपछि बिरुवाको सबै भागहरुमा फैलिएर पातहरु ओइलाउछन र सुकेर खस्ने गर्दछन । यो रोगले पातहरुमा मात्रै नभएर काण्ड लगायत सेलहरुमा पनि असर पुर्याउने गर्दछ । यो रोग लागेको आलु भण्डारण गर्दा समयसंगै साना साना गिर्खाहरु ठुला हुन्छन र पुरै आलु कुहिएर सखाप हुने गर्दछ ।

**रोग सर्ने कारणहरु :**

प्राय रोग सहन नसक्ने जातहरु प्रयोग गर्दा यो रोगले प्रकोप लिने गरेको पाइन्छ रोगि बिरुवाका सेलाहरु लाई बिउको रुपमा प्रयोग गर्दा, रोगी बिरुवाका अबसेसहरु जमिनमा जथाभावी छोड्दा, बिगतका बर्षहरुमा संक्रमण भएकै जमिनमा घुम्ती बाली प्रयोग नगरी खेती गरिरहदा, आवस्यकता भन्दा

बढी सिचाइ गर्दा, र सोलानेसी परिवार भित्रकै बिरुवाहरुलाइ त्यही जमिनमा उमार्दा पनि रोगको प्रकोप बढी पाइन्छ ।

**व्यवस्थापन तथा नियन्त्रणका उपायहरु :**

- बाली फसल गरिसकेपछी पात, जरा, कान्ड लगायतका अबसेसहरुलाई आगोले जलाइदिनु पर्दछ। त्यो परिवार बाहेकका अरु बाली प्रयोग गरि बाली चक्र अर्थात घुम्ती बाली अपनाउनु पर्दछ । बिरुवा लगाइसकेपछी बोटको वरिपरिको माटोलाइ परालले अथवा प्लास्टिकले मल्चिङ गर्नु पर्दछ ।
- रोग प्रतिरोधात्मक क्षमता भएका जातहरु जस्तै कुर्फी अलन्कार,कुर्फी नवीन, कुर्फी जीवन, कुर्फी सिन्दुरी इत्यादी लगाउनु पर्दछ ।
- दुइओटा पङ्ती अर्थात बोटहरुको बीचमा वायु प्रवाह हुनको लागि खुला ठाउँ हुनु पर्दछ। आवस्यकता भन्दा बढी सिचाइ नगरी उपयुक्त निकासको ब्यबस्था हुनुपर्दछ।सिचाइ गर्दा पातलाई भिजाउनु हुँदैन।
- सुरुको अबस्थामै रोगको पहिचान गरि संक्रमीत भागहरुलाइ टिपेर जलाउनु पर्दछ ।
- यो रोग चरम बिन्दुमा पुगिसकेपछि बिसादी प्रयोग गरेर नियन्त्रण गर्न धेरै गाह्रो हुने भएकाले सुरुको अबस्था मै पहिचान गरि Zineb ०.२५%, Daconil, Krinokxyl, Mancozeb, Ziram, Potassium bicarbonate इत्यादी जस्ता रसायनिक बिषादीहरु उपयुक्त मात्रा मिलाएर छर्किन सकिन्छ ।

**२. पछौटे डढुवा ( Late blight) :**

यो रोग *Phytophthora infestans* नामकनामक ढुसिको कारण लाग्ने गर्दछ। यो ढुसी पनि लामो समयसम्म सोलानेसी परिवारका बाली अर्थात आलु कै अवसेसहरुमा निष्क्रिय भएर बस्दछ र अंकुरण हुनको लागि अनुकुल वातावरण पाउनासाथ सक्रीय भएर बोटमा सर्ने गर्दछ । यो रोग बोटको फेदका पातहरु बाट लाग्न सुरु भएर क्रमशः माथितिर सर्दछ । सबैभन्दा पहिले स-साना फिका देखि गाढा हरियो रङका पानी भरिएजस्ता पोकाहरु देखा पर्दछन । पातको किनारा अर्थात जहाँ लामो समयसम्म शीत बसिरहन्छ, त्यही भागबाट पोका आकारका घाउहरु देखा पर्दछन । समयसंगै ती भागहरु खैरो रङमा परिणत हुन्छन र किनारबाट पहेलो रङको पत्रले घेर्दछ । धेरै सापेक्षिक आद्रता भएको ठाउँहरुमा पातको मुनिपट्टिको भागमा सेतो रङको ढुसिको बिकास भइरहेको देखिन्छ । रोगी सेलाहरु पनि खैरो रङ्गा र जलमग्न देखिन्छन र सुक्खा भएर कुहिन्छ जसलाइ ड्राइ रट पनि भनिन्छ । निरन्तर ८ देखि १२ घण्टा पातको सतहमा पानी जम्नु, तापक्रम २६° सेल्सियस भन्दा कम पुग्नु र सापेक्षिक आद्रता ९०% वा सो भन्दा बढी पुग्नु इत्यादी यसको लागि अनुकुल बाताबरणिय अबस्था हुन ।

**रोग सर्ने करणहरु :**

यो रोग सर्ने कारणहरु पनि अर्लि ब्लाइटका कारणहरु जस्तै छन ।

**व्यवस्थापन तथा नियन्त्रणका उपायहरु :**

- रोग प्रतिरोधात्मक जातका बीउ जस्तै कुर्फी नभताल प्रयोग गर्ने ।
- खेतबारीमा सरसफाई गर्ने, नाभो हटाउने, स्वास्थ बिउ प्रयोग गरि आलु खेति गर्ने ।
- सिचाइ गर्दा सकेसम्म बिहान अर्थात घाम पर्नु भन्दा केही अगाडि मात्र गर्ने ताकी पातमा ओसिलोपना धेरै बेर रहन नपाओस । रोगी बिरुवाका अवसेसहरु राम्रो संग जलाउने ।
- रोग देखेपछि म्यान्कोजेब ७५% WP को २-३ ग्राम प्रति लिटर पानीको दरले ७ दिनको फरकमा ३ देखि ४ पटक छर्ने ।
- रोग धेरै बढेमा मेटाल्याक्सिल ८%, म्यान्कोजेब ६४% WP(जस्तै रिजेमिल वा क्रिनक्सिल) १.५ ग्राम प्रति लिटर पानीमा राखी छर्ने ।

प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास नर्देशनालय
**कृषि ज्ञान केन्द्र ओखलढुङ्गा**
प्रदेश नं.१
कर्यक्षत्रः ओखलढुङ्गा

..................................................................

..................................................................